**नेपाल सरकार**

**संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**सिंहदरवार**

**एक बर्ष अवधिको कार्यकालमा भएका मुख्य मुख्य कार्य र उपलब्धीहरू**

**<u>कानुन तर्जुमा एवम् सुधार</u>**

***निम्न ऐनहरुलाई समयानुकूल बनाउन संशोधन मस्यौदा कार्य अन्तिम चरणमा पुगेको छ:***

- पर्यटन ऐन २०३५
- प्रतिलिपि अधिकार संरक्षण ऐन २०५९
- वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन २०५५
- प्राचीन स्मारक संरक्षण ऐन २०13
- नयाँ संघीय संस्कृति ऐनको मस्यौदा तर्जुमा भएको
- पर्यटन विश्वविद्यालय स्थापना सम्बन्धी ऐनको मस्यौदा तयार भएको
- नेपाल नागरिक उड्डयन र हवाई सेवा प्राधिकरण विद्येयक मस्यौदा मन्त्रीपरिषद्मा प्रस्ताव पेश गरिएको

**<u>नियम</u>**

- गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली संसोधन अन्तिम चरणमा रहेको
- हवाई सेवा व्यवस्थापन नियमावलीको मस्यौदा तर्जुमा अन्तिम चरणमा रहेको
- पर्वतरोहण नियमावली २०५९ संशोधन नियमावली अन्तिम चरणमा रहेको
- दुर्गम क्षेत्र हवाई सेवा कोष कार्यविधि मस्यौदा अन्तिम चरणमा रहेको

**<u>नीति</u>**

- संस्कृति नीतिलाई समयानुकूल बनाउन संघीय संस्कृति नीति मस्यौदा कार्य तयार गरिएको
- नेपाल वायु सेवा निगमको विपद उद्धार नीति २०८० स्वीकृत भएको

**रणनीति**

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको रणनीतिक कार्य योजना २०८० स्वीकृत भएको

**निर्देशिका**

- सरसफाई निर्देशिका २०७९ स्वीकृत गरी कार्यान्वयन गरिएको
- नेपाल भ्रमण दशक अवधारणापत्र स्वीकृत भएको
- पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका,२०७० संशोधन भई कार्यान्वयन गरिएको

**मापदण्ड**

- विमानस्थलका पसलहरुमा त्रिक्री हुने सामानहरुलाई उत्पादन खुद्रा मूल्य (MRP) मा बिक्री गर्न मापदण्ड तयार गरिएको
- अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक मनाउने कार्ययोजना तयार भइरहेको

**नेपाल वायुसेवा निगम**

- दुर्गम क्षेत्रमा उड्ने र अवतरण गर्ने जहाज खरिद गर्न प्रकाशित टेन्डर अन्तिम चरणमा रहेको,
- सन २०१२ बाट ग्राउन्डेड भएक टुइनअटर जहाज मर्मत गरी सञ्चालनमा ल्याउन मर्मत सम्भार भइरहेको,
- क्षेत्रीय विमानस्थलमा उडान र अवतरण गर्ने तीन र अन्तर्राष्ट्रिय उडानमा प्रयोग हुने तीन न्यारोबडी जहाज लिने लिज प्रक्रिया अघि बढाइएको,
- लामो समय देखि थन्किएर रहेको चिनियाँ जहाजको लिलाम विक्री प्रक्रिया अघि बढाइएको,
- नेपाल वायुसेवा निगमको ऋणको साँवा र व्याज वापतको करिव चार अर्व किस्ता भूक्तानी गरिएको,
- संस्थालाई शुदृढ गर्न व्यवस्थापन करार (management Contract) मार्फत निगम सञ्चालन गर्नका लागि अध्ययन समिति बनाइएको,
- वायु सेवा निगमको सुधार अध्ययन समितिबाट प्राप्त प्रतिवेदनको कार्यान्वयनलाई तिब्रता दिइएको,
- कार्यालयहरुको सौन्दर्यीकरण गरी कर्मचारीहरुको व्यवहार यात्रुमैत्री बनाइएको,
- गुल्मीको रेसुङ्गा विमानस्थलमा व्यवसायिक उडान थालनी भएको,

- निगमलाई ईजरायलबाट नेपाली विद्यार्थीहरुको उद्धार कार्य गर्न लगाइएको,
- भूकम्पमा उद्धार र राहत कार्यका लागि निगमले प्राथमिकताका साथ उडान गरेको,
- विमानस्थलमा यात्रुहरुको लगेज हराउने गुनासो न्यूनीकरण गरिएको,
- अष्ट्रेलियाको सिड्नी र श्रीलङ्काको कोलम्बोमा उडान तयारी अन्तिम चरणमा रहेको ।

**<u>नेपाल नागरिक उड्डयन प्राधिकरण</u>**

- भरतपुर, भोजपुर, विराटनगर र नेपालगञ्ज विमानस्थलको आधुनिक टर्मिनल भवन निर्माण कार्य तिब्र गतिमा अगाडी बढेको,
- नेपालगञ्ज,, धनगढी र विराटनगर विमानस्थलहरुमा Baggage Conveyer Belt जडान भई सञ्चालनमा आएको,
- भरतपुर विमानस्थलको स्तरोन्नतिको कार्य तिब्र गतिमा अघि बढेको,
- यात्रुहरुको गुनासो सम्बोधन गर्न विमानस्थलको आवागमन परिसरलाई यात्रुमैत्री बनाइएको,
- उदयपुर,जुम्ला, रुकुमको चौरजहारी र सिमिकोट विमानस्थलको स्तरोन्नतिका कार्य अघि बढेको,
- राजधानी बाहिरका आठ विमानस्थलमा रात्रीकालीन उडान शुरु गरिएको,
- राजधानी बाहिरका विमानस्थलमा जहाज रात्री विश्राम गर्ने व्यवस्था मिलाई त्रिभुवन विमानस्थलको उडान चाप कम गरिएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रु सेवा सुविधाका लागि प्रस्थान कक्ष विस्तार गरिएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनदेखि गोल्डेन गेटसम्म विद्युतीय बस संचालन गरिएको,
- विमानस्थलमा व्यागेज ट्रलीहरुको पर्याप्त व्यवस्था गरिएको,
- त्रिभुवन विमानस्थलको महिला शौचालयमा स्यानेटरी प्याडको व्यवस्था गरिएको,
- विमानस्थलको शौचालयलाई संगीतसहित सफा र स्वच्छ हुने व्यवस्था मिलाइएको,
- त्रिभुभन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षमा यात्रु सुविधाको लागि बढी क्षमताको विद्युतीय भर्याङ (लिफ्ट) जडान गरिएको,
- निजगढ विमानस्थल निर्माणको प्रक्रिया अघि बढाइएको,
- गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक तयारी भइरहेको,

**<u>पशुपति</u>**

- पशुपतिनाथ सौन्दर्यीकरणको लागि १७ हप्ता सरसफाई,वृक्षरोपण तथा जागरण अभियान सञ्चालन गरिएको,
- पशुपति आउने आगन्तुकको सुविधाको लागि थप शौचालय निर्माण कार्य प्रारम्भ भएको,
- पशुपतिमा नि:शुल्क शवदाह सेवा प्रदान गर्न विधुतीय शवदाह गृहको क्षमता वृद्धि गर्ने कार्य अन्तिम चरणमा पुगेको,
- पशुपतिको नाममा रहेको जग्गाको हाल साविक गर्ने र हराएको जग्गा खोजी गर्ने कार्य अघि बढेको,
- पशुपतिको जग्गामा बसोबास गरिरहेका सुकुम्बासीहरुको व्यवस्थापन गर्ने कार्य अन्तिम चरणमा पुगेको,
- पशुपति क्षेत्रमा धार्मिक र साँस्कृतिक प्रयोजनमा वाहेक मदिरा तथा मासुको प्रयोग प्रतिवन्ध लगाइएको |

**<u>लुम्बिनी</u>**

- कपिलवस्तुको तिलौराकोटलाई युनेस्कोको विश्व सम्पदा सुचीमा समावेश गर्ने कार्य अन्तिम चरणमा पुगेको,
- लुम्विनी गुरु योजनालाई कडाइका साथ कार्यान्वयन गर्ने निर्देशन अनुसार काम भइरहेको,
- रामग्रामको बृहत्तर विकासको लागि निजी क्षेत्रसँग साझेदारी मोडलमा कार्य अघि बढाइएको |

**अनुसन्धान तथा नवप्रवर्तन (Research and Innovation)**

- श्री पशुपति हिन्दु विश्वविद्यालय स्थापनाको लागि अध्ययन अघि बढाइएको,
- रैथाने-शिल्पकला विश्वविद्यालय स्थापनाको लागि अध्ययन भइरहेको,
- उपत्यका सम्पदा बस यात्रा (HOP ON HOP OFF) सेवा परीक्षणको रुपमा सुरु गरिएको,
- नयाँ सम्पदा निर्माण र विकासको लागि नमुना स्वरुप 'कैरन पहाड' र 'रिसिया पहाड'को अवधारणा सहित कार्य अघि बढाइएको,
- खुला तथा मौखिक ज्ञान संग्राहलय र सम्पदा गाँउ निर्माण कार्य अघि बढाइएको,
- नयाँ पर्यटीय गन्तव्यहरु निर्माण गर्न पुराना सांस्कृतिक गाउँहरुको विवरण तयार गर्न अध्ययन कार्य अघि बढाइएको,

- पर्यटक लक्षित सांस्कृतिक संस्थानमा प्रत्येक शुक्रबार ४ बजे मौलिक संस्कृति झल्किने कार्यक्रम प्रस्तुत गर्न थालिएको,
- "नेपाल घुमौं,नेपाल चिनौँ" भन्ने कार्यक्रमलाई कार्यान्वयन गर्न सम्पदा नाटक र घुमन्ते अभियन्ताहरूसँगको सहकार्य अघि बढाइएको,
- पर्यटनका लागि रैथाने खाना,जात्रा र सांस्कृतिक महोत्सव जस्ता कार्य अघि बढाइएको |
- नेपालमा दर्ता भई सञ्चालनमा रहेका अन्तर्राष्ट्रिय वायुसेवाहरुमा on-board duty paid store सञ्चालन गरिएको।

**<u>सांस्कृतिक कुटनीति</u>**

- सांस्कृतिक कुटनीतिलाई प्रभावकारी बनाउन पोखराको फेवा तालमा नेपाल-चीन मैत्रीपूर्ण Dragon Boat Festival सम्पन्न गरिएको,
- सांस्कृतिक कुटनीतिलाई प्रभावकारी बनाउन लुम्बिनी तथा पोखरामा नेपाल भारत संयुक्त योग कार्यक्रम सम्पन्न गरिएको,
- अन्तर्राष्ट्रिय मञ्चमा सांस्कृतिक कूटनीतिलाई प्रभावकारी बनाउन प्राज्ञिक अनुवाद सम्बन्धी कार्य अघि बढाई चीनसँग द्विपक्षीय सम्झौता गरिएको र अन्य मुलुकहरुसँग क्रमश: गर्ने योजना रहेको,
- संयुक्त राष्ट्र संघका महासचिवलाई लुम्बिनी भ्रमण गराई विश्व शान्तिको सन्देश दिन सफल भएको ।

**<u>प्रणालीगत सुधार</u>**

- वायुसेवा निगम र नारायणहिटी दरबार संग्रहालयमा ई-टिकट प्रणाली लागु गरिएको,
- पर्वतारोहण सुरक्षाको लागि पर्यटक सुचना व्यवस्थापन प्रणाली (TIMS) लागू गरिएको,
- वर्षौं देखि गैरकानुनी तरिकाबाट पशुपतिमा नियुक्ति गरिएका सयभन्दा बढी संख्यामा रहेका सल्लाहकार हरु खारेज गरिएको,
- पशुपति गौशाला धर्मशालाको सम्झौता रद्ध गरी समसामयिक बनाउन नयाँ प्रक्रिया थालनी गरिएको,
- गैरकानुनी रुपमा संचालित पशुपतिको बसपार्कको टेण्डर रद्ध गरी नियमित ढंगले संचालन गर्न प्रक्रिया सुरु गरिएको,
- नेपालबाट विभिन्न समयमा विदेशिएका मूर्तिहरु हालसम्म 145 वटा फिर्ता ल्याइ सकिएको,

- अभौतिक सांस्कृतिक सम्पदाहरुलाई कार्यविधि तयार गरी सूचीकरणको कार्य प्रारम्भ गरिएको ,
- अनलाइन प्रविधिको माध्यमवाट होटल दर्ता तथा पर्वतारोहण अनुमति प्रणाली लागु गरिएको,
- गुनासो सुनुवाई लाई प्रभावकारी बनाउन अनलाईन प्रणालीको व्यवस्था गरिएको,

**<u>अन्य कार्यहरु</u>**

- सन् २०२३ मा १० लाख पर्यटक भित्र्याउने राष्ट्रिय लक्ष्य पुरा भइसकेको,
- **"गणतन्त्र दिवस साँस्कृतिक साँझ"** कार्यक्रम भव्यरुपमा सम्पन्न भएको,
- नेपाल र रुवाण्डाबीच हवाई सेवा सम्झौता सम्पन्न भएको,
- स्वीजरल्याण्ड र इण्डोनेसियासँग द्विपक्षीय हवाई सम्झौता गर्ने प्रकृया अन्तिम चरणमा रहेको,
- हिमाल सरसफाफाई सम्बन्धी तीन बर्षे रणनीतिक योजना तयार गरिएको,
- जुगल हिमश्रृखंलामा पर्ने ५ वटा नयाँ हिमाल आरोहणका लागि खुला गरिएको,
- सगरमाथाबाट प्याराग्लाइडिङ र स्काई डाइभिङ्ग सफल परीक्षण सम्पन्न गरिएको,
- ८ हजार मिटर भन्दा अग्ला १४ वटा हिमालहरुको चिनारी (प्रोफाइल) तयार गरिएको,
- भूकम्पबाट क्षति भएका पुरातात्त्विक सम्पदाहरुको मर्मत सम्भार र पुनर्निर्माणको कार्य हालसम्म 726 वटा (७९ %) सम्पन्न भएको ।
- लामो समय देखि सञ्चालन नोक्सानीमा चलिरहेको साँस्कृतिक संस्थानलाई यो बर्ष सञ्चालन मुनाफा आर्जन गर्ने स्थितिमा पुर्याइएको ।
- नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले कलाकारिता क्षेत्रमा प्रयोग हुने शब्दको व्याख्या सहितको कला शब्दकोष प्रकाशन गरेको,
- नेपाल प्रज्ञा प्रतिष्ठानमा अनलाइन हल बुकिङ्ग तथा ई-बिलिङ्ग र डिजिटल भुक्तानीको सुरुवात गरिएको ।
- चीनको तिब्बत (ल्हासा)मा पहिलो अन्तर्राष्ट्रिय उडान नेपालले सुरुवात गरेको ।

**धन्यवाद**